# सैनिक महाविद्यालय/विद्यालयहरुमा कक्षा ११ का लागि नयां विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिकसत्र २०७६/७७ का लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा ११ मा अनुशासित वातावरणमा गुणस्तरीय शिक्षा हासिल गर्न इच्छुक सैनिक तथा गैरसैनिकतर्फका योग्य र जेहेन्दार विद्यार्थीहरूबाट निम्नलिखित महाविद्यालय/विद्यालयहरुमा आवेदन आव्हान गरिन्छ । आवेदन फाराम नियमानुसार शुल्क तिरी सम्बन्धित महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयबाट वा वेवसाइट www.bsamv.edu.np, www.sampokhara.edu.np, www.samc.edu.np, www.bgmsm.edu.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । लिखित प्रवेश परीक्षा, स्वास्थ्य परीक्षण तथा अन्तर्वार्ता सम्बन्धित महाविद्यालय/विद्यालयहरुमा नै सञ्चालन हुनेछ ।

| | | |
|---|---|---|
| सैनिक आवासीय महाविद्यालय, भक्तपुर | ☎ ०१-६६१०८७२ | विज्ञान र व्यवस्थापन (Day & Morning Shift)<br>मानविकी (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, पोखरा | ☎ ०६१-५२७७४६ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, धरान | ☎ ०२५-५३११५५ | विज्ञान (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, सुर्खेत | ☎ ०८३-५२३२११ | व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, कैलाली | ☎ ०९१-५५११९५ | व्यवस्थापन (Day Shift) |
| सैनिक आवासीय महाविद्यालय, चितवन | ☎ ०५६-५८३८०३ | विज्ञान र व्यवस्थापन (Day Shift) |
| विजेश्वरी ज्ञानमन्दिर सैनिक महाविद्यालय, विजेश्वरी, काठमाण्डौ | ☎ ०१-४२७१४९८ | व्यवस्थापन (Day Shift) |
| रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालय, बांसबारी, काठमाण्डौ | ☎ ०१-६२००६६४ | विज्ञान संकाय (Day Shift) |

**विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा छात्रा विद्यार्थीहरुका लागि मात्र आवेदन आव्हान गरिएको छ ।**

**सैनिक तथा गैरसैनिक कोटामा आवेदन दिनका लागि आवश्यक पर्ने न्यूनतम योग्यता र अध्ययन-अध्यापन हुने विषयहरु सम्बन्धित महाविद्यालय/विद्यालयहरुले निर्धारण गरे अनुसार सूचना पाटीमा टाँस गरिनेछ ।**

**आवेदन फारामका साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. एस.इ.इ. लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि – १
२. एस.इ.इ. चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि – १
३. बहालवाला सैनिकका छोराछोरीको हकमा सम्बन्धित युनिटका पतिद्वारा निजको सहोदर छोरा वा छोरी हो भन्ने बारेको सक्कल सिफारिसपत्र – १
४. भू.पू. सैनिकका छोराछोरीको हकमा पेन्सनपट्टाको प्रमाणित प्रतिलिपि - १
५. स्थानीय पञ्जीकाधिकारीबाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि - १
६. हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति र अटो साइजको १ प्रति तस्वीर

**नोट** :क) विज्ञानतर्फ अध्ययन गर्न चाहने छात्र/छात्राहरूले एस.इ.इ. वा सो सरहको परीक्षामा अनिवार्य रूपमा ऐच्छिक गणित विषय लिई तोकिएको GPA प्राप्त गरेको हुनुपर्नेछ ।

ख) सैनिक महाविद्यालय/विद्यालयहरुबाट एस.इ.इ. उत्तीण विद्यार्थीहरूले पनि महाविद्यालयको कक्षा ११ मा अध्ययन गर्न अनिवार्य रूपमा नियमानुसार प्रवेश परीक्षामा सरिक भइ छनौट भएको हुनुपर्नेछ ।

ग) रित नपुगेका तथा आवश्यक कागजपत्र सम्लग्न नभएका आवेदन फाराम रद्द हुने छन् ।

घ) महाविद्यालयमा हालको व्यवस्था अनुसार सैनिक सकलदर्जा तथा स्टाफतर्फको सहुलियतमा एकपटकमा एकजना दम्पतीको केवल एकजना छोरा वा एकजना छोरीले मात्र सैनिक महाविद्यालय/विद्यालय/NAIHS अन्तर्गत कुनै एक संस्थामा अध्ययन गर्ने मौका पाउनेछन् ।

ङ) अन्य शर्तहरु महाविद्यालयले तोके बमोजिम हुनेछन् ।

**आवेदन फाराम वितरण तथा दर्ता मिति र समय** : एस.इ.इ. परीक्षा २०७५ को नतिजा प्रकाशित भएको भोलिपल्टदेखि १० दिनभित्र हरेक दिन सार्वजनिक बिदाको दिन समेत बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुनेछ ।

**सम्पर्क मिति, प्रवेशपत्र वितरण, लिखित प्रवेश परीक्षा तथा अन्य कार्यक्रम सम्बन्धी विस्तृत विवरण फाराम वितरणको समयमा जानकारी गराइनेछ ।**

अन्य विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

- प्रिन्सिपल